बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

**बैठक नं १६**

आज मिति २०७४/११/०९ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक वसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | ,, | |
| ५ | लाल प्रसाद वस्याल | ,, | |
| ६ | टंक प्रसाद पराजुली | ,, | |
| ७ | तेज बहादुर सुनार | ,, | |
| ८ | जगदिश चन्द्र आचार्य | ,, | |
| ९ | कमल प्रताप थापा | ,, | |
| १० | भिम बहादुर श्रेष्ठ | ,, | |
| ११ | बिष्णु बहादुर थापा | ,, | |
| १२ | पदम बहादुर थापा | ,, | |
| १३ | रामचन्द्र क्षेत्री | ,, | |
| १४ | दुर्गा प्रसाद सुवेदी | ,, | |
| १५ | नारायण प्रसाद पुन | ,, | |
| १६ | धीराम न्यौपाने | ,, | |
| १७ | डमर बहादुर भण्डारी | ,, | |

बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | " | |
| १९ | सन्त बहादुर राना | " | |
| २० | हुमनाथ आचार्य | " | |
| २१ | हिम बहादुर खत्री | " | |
| २२ | डिल प्रसाद नेपाली | " | |
| २३ | रन्जित शेरचन | " | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | " | |
| २५ | बिमला श्रेष्ठ | " | |
| २६ | सिता कुमारी थापा | " | |
| २७ | शुष्मा कुमारी अर्याल | " | |
| २८ | बिष्णु कुमारी शर्मा | " | |
| २९ | भरत मणी पाण्डे | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

**प्रस्ताव नं.१६.१**
**बिषय : बधाई तथा शुभकामना ।**
**निर्णय नं. १६.१**
प्रदेश र संघको निर्वाचन पश्चात् बुटवललाई ५ नं प्रदेशको राजधानी बनाउनमा अहोरात्र खटिई योगदान पु-याउनु हुने शैक्षिक तथा सामाजिक संस्था, व्यावसायिक संघ संस्था, उद्योगी, व्यापारी, किसान, मजदुर, शिक्षक, बिद्यार्थी, कलाकार, जनप्रतिनिधिहरुज्यूहरु सबै पार्टीका नगर, जिल्ला एवं केन्द्रीय तहका नेतागण, संचार माध्यम, संचारकर्मी, सबैमा यो नगर कार्यपालिका बैठक धन्यवाद ज्ञापन गर्दछ । संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा हालै सम्पन्न आम निर्वाचनबाट निर्वाचित भई नेपाल सरकारको प्रधानमन्त्री हुनु भएका सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा वलीज्यू र वहाँको नेतृत्वमा गठन भएको मन्त्रिपरिषद् एवं ५ नं प्रदेश सरकारका मा.मुख्य मन्त्री शंकर पोखरेलज्यू र वहाँको नेतृत्वमा मन्त्रिपरिषद् गठन भएकोमा हार्दिक वधाई एवं सफलताको शुभकामना व्यक्त गर्दछौ । नवनियुक्त सम्माननीय प्रधान मन्त्रीज्यू र माननीय मुख्य मन्त्रीज्यूको नेतृत्वमा देशले समृद्धि स्थायित्व र विकासमा महत्वपूर्ण योगदान हासिल गरोस् भन्ने शुभकामना व्यक्त गर्दछौ ।

**प्रस्ताव नं.१६.२**
**बिषय : विधेयक पेश गर्ने सम्बन्धमा ।**
**निर्णय नं. १६.२**
नगर कार्यपालिका कार्यालयले विषयगत विज्ञ र सरोकारवालासँगको परामर्शमा तयार गरी प्रस्तावको रुपमा आजको बैठकमा प्रस्तुत हुन आएका निम्न विधेयक एवं नीतिको सम्बन्धमा जानकारी भयो । उक्त विधेयकहरु माथिको छलफल गर्न आज समय अभाव भएको हुदा मिति २०७४/११/१० गते विहान ८:०० बजे पुनः कार्यपालिकाको बैठक वसी छलफल गर्ने निर्णय गरियो ।

**निम्नः**

१. बुटवल नगरकार्यपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्न) विधेयक २०७४ ।
२. नगर शिक्षा विधेयक २०७४ ।
३. नगर सहकारी विधेयक २०७४ ।
४. कृषि व्यवसाय प्रबर्द्धन विधेयक २०७४ ।
५. फोहरमैला व्यवस्थापन विधेयक २०७४ ।
६. औद्योगिक व्यवसाय विधेयक २०७४ ।
७. निर्माण व्यवसाय विधेयक २०७४ ।
८. सार्वजनिक निजी साझेदारी ऐन २०७४ ।
९. सार्वजनिक निजी साझेदारी नीति २०७४ ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिदै प्रमुखज्यूबाट बैठक समापन भएको जानकारी भयो ।**